# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

आ.ब. २०८१/०८२ को वैशाख देखि असार मसान्त सम्मका प्रमुख क्रियाकलापहरू

(स्वतः प्रकाशन)

**Proactive Disclosure**


**धार्चे गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**माछीखोला, गोरखा ।**

**Website: https://dharchemun.gov.np/**

इमेलः dharcherm@gmail.com

## १. निकायको स्वरूप र प्रकृतिः

- विं.सं. २०७३ साल फागुन २७ गते साविक गुम्दा, लाप्राक, लापु, उहिया, केरौजा र काशीगाउँ गा.वि.स. मिलि धार्चे गाउँपालिकाको नामाकरण गरी स्थानीय तहको रूपमा यस धार्चे गाउँपालिकाको स्थापना गरिएको हो।
- गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लाको धार्चे गाउँपालिका आदिवासी जनजातिहरुको थाकथलो हो । प्रकृति पुजन वोन धर्मालम्वीहरुको बाहुल्यता रहेको यो गाउँपालिकाको नामाकरण स्थानीय भाषाको धर्ज र गाङ मिलेर बनेको छ। धर्ज भन्नाले ध्वजा, गाङ भन्नाले डाँडा हो। धर्ज र गाङ अर्थात ध्वजा गाँड्ने डाँडासँग यहाँको प्रकृति पुजन परम्परा र जन विश्वाससँग जोडिएको छ । आफ्नो कार्य सिद्धिको कामना वा गाउँबाट बाहिर जानु पर्दा प्रस्थान गर्ने बेलामा यात्रा सफलता वा रक्षाको लागि खोलानाला र डाँडाहरुमा पुजा गर्दै ध्वजा गाँड्ने प्रचलनले आदिवासी जनजातिहरु प्रकृतिको पुजारी हो भन्ने प्रमाणित गराउँछ।

## २. निकायको काम, कर्तव्य र अधिकारः

- स्थानीय सरकार सञ्चलान ऐन, २०७४, गाउँसभा सञ्चालन कार्यविधि, २०७४, गाउँपालिका (कार्यविभाजन) नियमावली, २०७४, गाउँपालिकाको (कार्य सम्पादन) नियमावली, २०७४, धार्चे गाउँपालिकाको आर्थिक ऐन, २०८१, विनियोजन ऐन, २०८१ ले तोके अनुसार  र अन्य गाउँपालिकाले निर्माण गरेका ऐन नियम अनुसार।

## ३. निकायमा रहने कर्मचारी सङ्ख्याः

(क) कर्मचारीको उपलब्धता (गा.पा. स्तर वडा कार्यालय समेत):

| क्र.स | पद | तह | सेवा | समूह/उपसमूह | स्वीकृत दरवन्दी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | पदपूर्ति | रिक्त पद | कैफियत |
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ | प्रशासन | सा.प्र | १ | १ | - | |
| २ | इन्जिनियर | ६/७/८ | इ. | सिभिल | १ | १ | - | |
| ३ | अधिकृत | ६/७/८ | शिक्षा | शि.प्र | १ | १ | - | |
| ४ | अधिकृत | ६/७/८ | प्रशासन | लेखा | १ | १ | - | |
| ५ | अधिकृत | ६/७/८ | प्रशासन | सा.प्र | २ | १ | १ | काजमा रहेको |
| ६ | अधिकृत | ६/७/८ | कृषि | कृषि | १ | - | १ | |
| ७ | अधिकृत | ६/७/८ | कृषि | भेटनरी | १ | - | १ | काजमा रहेको |
| ८ | आन्तरिक ले.प. | ६ | प्रशासन | लेखा | १ | - | १ | |
| ९ | सहायक | ५ | प्रशासन | सा.प्र | ३ | १ | २ | काजमा रहेको |
| १० | कम्प्युटर अपरेटर | ५ | विविध | | १ | १ | - | करार |

| क्र.स | पद | तह | सेवा | समूह/उपसमूह | स्वीकृत दरवन्दी | | | कैफियत |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| | | | | | जम्मा | पदपूर्ति | रिक्त पद | |
| ११ | लेखा सहायक | ५ | प्रशासन | लेखा | १ | - | १ | |
| १२ | प्रा.स. | ५ | शिक्षा | शि.प्र | १ | १ | - | |
| १३ | हे.अ. | ५/६ | स्वास्थ्य | हे.अ. | १ | १ | - | |
| १४ | स्टाफ नर्स | ५/६ | स्वास्थ्य | क.न | १ | १ | - | |
| १५ | सव- इन्जिनियर | ५ | इ. | सिभिल | १ | १ | - | |
| १६ | अ.सव. इन्जिनियर | ४ | इ. | सिभिल | १ | - | १ | |
| १७ | स. महिला विकास निरिक्षण | ४ | प्रशासन | विविध | १ | १ | - | |
| १८ | खा.प.स.टे | ५/६ | इ. | स्यानीटरी | १ | १ | - | |
| १९ | प्रा.स. | ५ | कृषि | कृषि प्रसार | २ | १ | १ | |
| २० | पशु सेवा प्राविधिक | ५ | कृषि | ला.पो.डे.डे. | १ | १ | - | |
| २१ | पशु स्वास्थ्य प्राविधिक | ५ | कृषि | भेट | १ | १ | - | |
| २२ | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | कृषि | भेट | १ | १ | - | |
| २३ | नायव पशु सेवा प्राविधिक | ४ | कृषि | ला.पो.डे.डे. | १ | १ | - | |
| २४ | नायव प्राविधिक सहायक | ४ | कृषि | कृषि प्रसार | १ | - | १ | काजमा रहेको |
| २५ | कृषि स्नातक प्राविधिक | ६ | कृषि | कृषि | १ | १ | | करार |
| २६ | O.V.O.T. | ४ | कृषि | कृषि | १ | १ | | करार |
| २७ | O.V.O.T. | ४ | कृषि | भेट | २ | २ | | करार |
| २८ | सूचना प्रविधि अधिकृत | ७ | | | १ | १ | - | करार |
| २९ | रोजगार संयोजक | ६ | रोजगार सेवा केन्द्र | | १ | १ | - | करार |
| ३० | रोजगार सहायक | ५ | रोजगार सेवा केन्द्र | | १ | १ | - | करार |
| ३१ | रोजगार प्राविधिक सहायक | ५ | रोजगार सेवा केन्द्र | | १ | १ | - | करार |
| ३२ | M.I.S अपरेटर | ५ | पञ्जीकरण | | १ | १ | | करार |
| ३३ | फिल्ड सहायक | ४ | पञ्जीकरण | | २ | २ | | करार |
| ३४ | न्यायिक सहजकर्ता | ७ | न्याय | | १ | १ | | करार |
| ३५ | सहजकर्ता | ५/४ | उ.वि.स | | २ | २ | | करार |
| ३६ | कार्यालय सहयोगी | - | करार | | ५ | ५ | | करार |
| | जम्मा | | | | ४७ | ३७ | १० | |

**धार्चे गाउँकार्यपालिका कार्यालयको दरबन्दी तेरीज १**

| क्र.स | पद | तह | सेवा | समूह/उपसमूह | स्वीकृत दरवन्दी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | पदपूर्ति | रिक्त पद | कैफियत |
| १ | सहायक | ५ | प्रशासन | सा.प्र. | ४ | ४ | - | |
| २ | सहायक | ४ | प्रशासन | सा.प्र. | ३ | १ | २ | |
| ३ | सव.इन्जिनियर | ५ | इन्जि. | सिभिल | ३ | ३ | | १ जना करार |
| ४ | अ.सव.इन्जिनियर | ४ | इन्जि. | सिभिल | ४ | ४ | - | |
| ५ | कार्यालय सहायक | | करार | | ६ | ६ | - | करार |
| ६ | कार्यालय सहयोगी | | करार | | ७ | ७ | - | करार |
| जम्मा | | | | | २७ | २५ | २ | |

**घार्चे गा.पा. अन्तरगत वडा कार्यालयको दरबन्दी तेरीज २**

| क्र. स. | पद | तह | सेवा | समूह/ उपसमूह | स्वीकृत दरवन्दी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | पदपूर्ति | रिक्त पद | कैफियत |
| १ | हे.अ | ५ | स्वास्थ्य | हे.ई | ८ | ८ | - | |
| २ | अ.हे.व | ४ | स्वास्थ्य/हे.ई | हे.ई | १४ | ९ | ५ | २ करार |
| ३ | प.हे.न./ अ.न.मी | ४ | स्वास्थ्य/क.न | ज.न | १५ | ११ | ४ | ३ करार |
| ४ | ल्या.टे. | ५ | स्वास्थ्य/हे.ई | | १ | १ | | १ करार |
| ५ | का. स. | | सा.प्र. | | ७ | ३ | ४ | ४ करार |
| | जम्मा | | | | ४५ | ३२ | १३ | १० |

**धार्चे गा.पा. अन्तरगत स्वास्थ्य चौकी कार्यालयको दरबन्दी तेरीज ३**

| क्र.सं. | पद | तह | सेवा | समूह/उपसमूह | स्वीकृत दरवन्ती | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | पदपूर्ति | रिक्त पद | कैफियत |
| १ | मे.अ. | ८ | स्वास्थ्य | ज.चि. | २ | २ | - | करार |
| २ | स्टाफ नर्स | ५ | स्वास्थ्य | ज.न. | १ | १ | - | करार |
| ३ | डेन्टल हाइजिनिस्ट | ५ | स्वास्थ्य | | १ | १ | - | करार |
| ४ | रेडियोग्राफर | ५ | स्वास्थ्य | रेडियोग्राफी | १ | १ | - | करार |
| ५ | फर्मासिष्ट | ५ | स्वास्थ्य | फर्मासि | १ | १ | - | करार |
| ६ | ल्याब टे. | ५ | स्वास्थ्य | मे.ल्या.टे. | १ | १ | - | करार |
| ७ | अ. हे. व. | ४ | स्वास्थ्य/हे.ई. | हे. ई. | ६ | ६ | - | करार |
| ८ | अ. न. मि. | ४ | स्वास्थ्य/ प.हे.न. | प.हे.न. | ८ | ८ | - | करार |
| ९ | का. स. | | | | १० | १० | - | करार |
| | जम्मा | | | | ३१ | ३१ | | |

**धार्चे गा.पा. अन्तरगत आधारभुत स्वास्थ्य अस्पताल र स्वास्थ्य इकाई कार्यालयको दरबन्दी तेरीज ४**

## ४. गाउँपालिकाबाट प्रदान गरिने सेवाः

- गाउँपालिका (कार्यविभाजन) नियमावली, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोके अनुसार ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारः

- आधिकारिक सांगठनिक ढाँचा अनुसार शाखाहरूको जिम्मेवारी तोकिएको ।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि;

- दस्तुर र अवधि नागरिक वडापत्रमा उल्लेख गरिएको साथै नागरिक वडापत्र र दस्तुरको विस्तृत विवरण वेवसाइटमा पनि राखिएको ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

- वार्षिक विकास योजना गाउँपालिकाले स्वीकृत गर्ने गरेको
- अन्य निर्णयहरू गाउँ कार्यपालिकाले गर्ने गरेको
- अन्य नियमित कामहरू शाखा प्रमुखको सिफारिसमा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय हुने ।

## ८. निर्णय उपर उजुरी सून्ने अधिकारीः

- अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत

## ९. गाउँपालिका शाखा/इकाई र जिम्मेवार अधिकारी एवं सम्बन्धित शाखा प्रमुखः

धार्चे गाउँपालिकाको कार्यक्षेत्र भित्र समाहित भएका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्न गाउँपालिकामा देहाय बमोजिमका शाखा/इकाईहरूको व्यवस्था गरिएको छः

| क्र.सं. | शाखा/ईकाइ/कार्यक्रम | जिम्मेवार अधिकारीको पद | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| १. | कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | काजीमान सुनार |
| २. | प्रशासन, योजना तथा अनुगमन शाखा | प्रशासकीय अधिकृत सातौँ | विनायक तिमिल्सिना |
| ३. | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत | बलराम श्रेष्ठ |
| ४. | शिक्षा, युवा तथा खेलकुद शाखा | शिक्षा अधिकृत | पुष्प राज जोशी |
| ५. | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | ईञ्जिनियर, सातौँ | सनम राई |
| ६. | जिन्सी शाखा | सि.अ.हे.ब, अधिकृत छैठौँ | विजय कुमार श्रेष्ठ |
| ७. | स्वास्थ्य शाखा | ज.स्व.नि. | अमृत बहादुर घले |
| ८. | सामाजिक विकास शाखा | स.म.वि.नि | निरु बि.क. |
| ९. | सूचना प्रविधि इकाई | सूचना प्रविधि अधिकृत | नारायण बहादुर शाही |
| १०. | रोजगार सेवा केन्द्र | रोजगार संयोजक | खगेन्द्र गुरुङ |
| ११. | पशु सेवा शाखा | पशु स्वास्थ्य प्राविधिक | हर्क बहादुर कार्की |
| १२. | कृषि शाखा | कृषि स्नातक प्राविधिक | अनिल नेपाली |
| १३. | राजश्व ईकाई | फिल्ड सहायक | असिम गुरुङ |
| १४. | राष्ट्रिय पञ्जिकरण ईकाइ | एम आइ एस अपरेटर | शर्मिला गुरुङ |
| १५. | उद्यम विकास शाखा | उद्यम विकास सहजकर्ता | सिर्जना गुरुङ |
| १६. | वडास्तरीय कामकाज | वडा सचिव | प्रत्येक वडाका वडा सचिवहरु |
| १७. | बालबालिका तथा महिला विकास इकाई | स.म.वि.नि | निरु बि.क. |

## १०.सम्पादन गरेको मुख्य मुख्य कामको विवरणः

यस गाउँपालिकाको विभिन्न शाखाबाट सम्पादन गरेको मुख्य मुख्यकामहरु देहायबमोजिम छन् ।

**प्रशासन तथा योजना शाखा तर्फः**

- कार्यालयका विभिन्न कर्मचारीहरुसँग कार्य सम्पादन करार गरी आफ्नो कार्यमा जिम्मेवार तुल्लाइएको ।
- कर्मचारी प्रशासन तर्फका सरूवा, नियुक्ति, पदस्थापना तथा अन्य नियमित कार्यहरु भएको ।

- सम्पत्ति विवरण सम्बन्धित निकायमा बुझाइएको।
- सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी तोकिएको।
- महिनामा १ पटक नियमित शाखा प्रमुख तथा सबै कर्मचारीसँग बैठक हुने गरेको।
- योजना किताब निर्माण, प्रकाशन गरिएको।
- गाउँपालिका कार्यालय, वडा कार्यालय र विभिन्न स्वास्थ्य चौकी तथा इकाई हरुमा रहेको जिन्सी मालसामानको जिन्सी निरीक्षण गरी प्रतिवेदन बुझाइएको।
- कार्यालयमा आवश्यक सामानहरुको विभिन्न शाखासँग समन्वय गरी खरिद कार्य गरिएको।
- आ.व. २०८१।०८२ को स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकास्तरीय र वडास्तरीयरुपमा रहेका योजनाहरुलाई सम्पन्न गर्न गठित उपभोक्ता समितिहरुका पदाधिकारीहरुलाई १ दिने अभिमुखिकरण तालिम सम्पन्न गरिएको।
- योजना सम्झौता गरिएको।
- गाउँपालिकास्तरीय आयोजना हुने योजनाहरुको समय समयमा अनुगमन गरिएको।
- त्रैमासिक सार्वजनिक सुनुवाई सम्पन्न भएको।
- हिउँदे गाउँसभा सम्पन्न गरी नयाँ कार्यक्रम, योजना थप तथा रकमान्तर गरिएको।
- LISA र FRA को कार्य सम्पन्न गरी नतिजा सार्वजनिक गरिएको।
- गाउँपालिका स्थापना दिवस तथा पहिलो अध्यक्ष कप खुल्ला राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता-२०८१ सम्पन्न गरिएको।
- दोस्रो चौमासिक सार्वजनिक सुनुवाई सम्पन्न भएको।
- सम्पन्न योजना/आयोजनाहरुको गाउँपालिकास्तरीय अनुगमन गरी भुक्तानी प्रक्रिया अगाडी बढाईएको।
- नियमित अन्य प्रशासनिक कामहरु।

| सिनं. | सेवा प्रवाहको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन | १३० | |
| 2 | योजना सम्झौता | १६७ | |
| 3 | योजना अनुगमन | १६७ | |
| 4 | योजनाको भुक्तानी | १६७ | |
| ५ | तालिम संचालन | ३ | |
| ६ | कर्मचारी नियुक्ति | ३० | |
| ७ | विविध सिफारिस | ३४५ | |

**शिक्षा, युवा तथा खेलकुद शाखा तर्फः**

- बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचासन सम्बन्धि २ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।
- दोस्रो त्रैमासिकको दिवा खाजा र तलब भत्ता निकासा गरिएको।
- करार शिक्षक छनौट परीक्षा सञ्चालन गरी १० जना शिक्षक सिफारिस गरिएको।
- शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजनको काम सम्पन्न।
- कक्षा ३ को स्थानीय पाठ्यपुस्तक लेखन कार्य जारी,
- प्रधानाध्यापक तथा शिक्षकहरुलाई ECD, TPD लगायत अन्य तालिममा सिफारिस गरिएको।
- प्रत्येक महिनाको १२ गते नियमित प्रधानाध्यापक बैठक र गाउँ शिक्षा समितिको बैठक सम्पन्न गर्ने गरिएको।
- शिक्षा तथा मानव विकास केन्द्र, शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाईले सञ्चालन गरेको कार्यक्रम कार्यान्वयन सम्वन्धी अभिमुखिकरणमा सहभागि।
- Integrated Education Management Information System मा तथ्याङ्क प्रविष्ट गरिएको।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न।
- विद्यालय सुपरिवेक्षण तथा अनुगमन।
- पाठ्यक्रम विकास केन्द्र द्वारा विकास गरिएका कक्षा १-३ मा पढाई तथा गणित क्षेत्रका थप सिकाई सामाग्री छपाई तथा वितरण।
- Disability Screening को काम विद्यालयद्वारा सम्पन्न र तथ्याङ्क EMIS मा प्रविष्ट गरिएको।
- विभिन्न सरकारी तथा गैर सरकारी निकायबाट माग भएबमोजिमको तथ्यांक र विवरण उपलव्ध गराइएको।
- धार्चे गाउँपालिका र PTN Nepal को साझेदारीमा पार्वति आ.वि. उहियामा ६ कोठे भवन निर्माण सम्पन्न भएको।
- धार्चे गाउँपालिका र गणेश हिमाल एशोशियसनको साझेदारीमा केरौजा मा.वि.को छात्रावास मर्मत सम्पन्न भएको।
- ध्रुव कुमार श्रेष्ठको एकल पहलमा वडा नं. ५ र ७ को विभिन्न विद्यालयहरु बाल विकास कक्षाकोठा लगायत अन्य भौतिक संरचनाहरुको स्तरोन्नति गरेको।
- गुड नेबर्स इन्टरनेश्नलको आर्थिक तथा प्राविधिक सहयोग र पद्धति विकास सेवा केन्द्र गोरखा कार्यान्वयन साझेदारीमा वडा नं. ४, ५ र ६ का विभिन्न विद्यालयहरुका स्पोन्सरसिप विद्यार्थीहरुलाई शैक्षिक सामग्री लगायत अन्य सामग्रीहरु वितरण भएको।

- गाउँपालिका अन्तर्गतका सामूदायिक विद्यालयका प्र.अ. तथा शिक्षकहरु सहितको पाठ्यपुस्तक लेखन टोलिले कक्षा ३ को स्थानीय पाठ्यपुस्तक तयार गरिएको।
- ECD शिक्षक तालिम, IEMIE तालिम, विषयगत शिक्षक तालिम (अंग्रेजी, गणित र विज्ञान), IT फोकल शिक्षकहरुका लागि क्षमता विकास तालिम, एकीकृत पाठ्यक्रम सम्बन्धि कष्टमाईज्ड तालिम, अपाङगताको प्रारम्भिक पहिचान सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।
- गरिव तथा जेहेन्दार विद्यार्थीलाई दिईने छात्रवृत्तिलाई कार्यक्रमलाई कार्यविधि बनाई निरन्तरता दिईएको।
- कक्षा ८,९ र १० मा अंग्रिजी गणित र विज्ञान विषयको अतिरिक्त कक्षा सञ्चालन, मा.वि.तहमा अध्यापन्नरत शिक्षकहरुलाई प्रोत्साहन रकम प्रदान गरिएको।
- पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका कक्षा-१,२ र ३ का भाषा र गणितका सन्दर्भ सामग्रीहरु सम्पूर्ण विद्यालयहरुलाई वितरण।
- ECD कक्षा व्यवस्थापन, कृषिसँग विद्यार्थी कार्यक्रम, विद्यालय प्रशासन कोठा व्यवस्थापन, नमुना गणित र सामाजिक प्रयोगशाला निर्माण लगायतका अनुदान रकम वितरण।
- गाउँपालिका स्तरीय शिक्षक तथा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन।
- विद्यालय सुपरिवेक्षण तथा अनुगमन।
- प्रधानाध्यापक तथा शिक्षकहरुलाई विभिन्न किसिमका तालिमका लागि सिफारिस।

**पूर्वाधार विकास तर्फ:**

- Laprak Gupshipakha Solar Pumping Drinking Water Project को टेन्डर आव्हान गरिएको,
- माछिखोला केरौजा जोड्ने बाटो मर्मत गरिएको,
- दोभान उहिया सडक मर्मत गरिएको,
- न्याउलि झरना क्यानोनिङ एण्ड भिएफटारा टेण्डरको बिड खोलिएको र न्यूनतम कबोल अंक ID-Survivour JV को,
- खोर्लाबिशी मंच व्यवस्थापन कार्य सम्पन्न भएको,
- जनजागृति मा.वि. भवन निर्माण कार्य सम्झौता भएको,
- केरौजा माध्यामिक विद्यालयमा आर्थिक अनियमितता रहेको भन्ने उजुरी सम्बन्धमा छानबिन टोलि गठन भई निरिक्षण गरिएको,
- सभाहल पार्टिसन वाल निर्माण भएको,
- Construction of Nyauli Jharna Cannoning and Vyafatara Infrastructure को सम्झौता भएको,

- लाप्राक गुप्शीपाखा सोलार पम्पीङ खानेपानी आयोजनाको दोस्रो पटक टेन्डर आव्हान गरिएको,
- सर्जनबेशी काशीगाउँ सडक निर्माणको अनुगमन गरिएको,
- गुम्दा सभाहलको म्याद थप प्रक्रियामा गएको,
- कबर्ड हलको काम सम्पन्नको चरणमा पुगेको, :
- Laprak Gupshipakha Solar Pumping Drinking Water Project को दोस्रो पटक बिड खोलिएको र न्यूनतम कबोल अंक Aqua Fresh Nepal and Solar को भएको र काम सम्पन्न भएको,
- पहिलाको सभाहलमा पार्टेसन गर्ने कार्य सम्पन्न भएको,
- सर्जनबेशी काशीगाउँ सडक निर्माण कार्य सम्पन्न भएको,
- भि.सि. थमन मार्ग निर्माण कार्यको दोस्रो रनिङ बिल पेश भएको र प्रविधिक मुल्यांकन भई स्वीकृत भएको,
- वडा नं. ६, १ र ३ को प्रथम चरणको अनुगमन सम्पन्न भएको,चंद्रा देबी आ-वि चामाखर्क ग्याबिनजालि (काशीगाउँ) निर्माण कार्य सम्पन्न भएको र मुल्यांकन भई स्वीकृत भुक्तानी भएको,
- केरौँजा लामाबेशि माछिखोला २ कि.मि. को नयाँ ट्र्याक जोडिएको, रुन्चेत कमन सडक १.९८ कि.मि. उहिया माथिल्लो गाउ २०० मि. र रेसे गुम्दा जोड्ने नयाँ ट्र्याक ४.६ कि.मि.. काशिगाउँ सर्जनबेशि सडक ३ कि. मि., ठाँटि मोटरबाटो १.८ कि.मि. र भिसि थमन मार्ग १ कि.मि. गरि कुल १४.५८ कि.मि. नयाँ ट्र्याक खोलिएको।
- खोर्लाविशी र नौलिखोलामा ह्युमपाईप राखी हिउँदयाममा सवारी साधनको आवतजावतलाई सहज र सरल बनाईएको।
- खेलकुद विकासको लागि खेलकुद ग्राउण्डहरुको निर्माण शुरुवात गरिएको।
- गोरेटो बाटोको विकासलाई व्यवस्थित गर्न शुरुवात गरिएको।
- सामुदायिक भवनहरु बहुउद्धेश्यीय किसिमले प्रयोग गर्ने गरी निर्माणको शुरुवात गरिएको।

| क्र.स. | सेवा प्रवाहको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | योजना सर्भे | १५० | |
| २. | योजनाको ईस्टिमेट | १५० | |
| ३. | योजनाको ठेक्का आव्हान | ३ | |
| ४. | ठेक्का सम्झौता | ३ | |
| ५. | योजनाको भौतिक तथा वित्तिय प्रगति | ८०.३२ % | |

**क्रमागत ठेक्काहरु**

- प्रशासकीय भवन - वित्तिय प्रगतिः४८%
- प्रभात किरण मा.वि. होस्टेल ब्लक - वित्तिय प्रगतिः५२%
- गुम्दा सभाहल - वित्तिय प्रगतिः७७.२८%
- भि.सि. थमन मार्ग - वित्तिय प्रगतिः ३०%
- माछीखोला खानेपानी योजना - वित्तिय प्रगतिः ७२%
- न्याउली झरना क्यानोनिङ एण्ड भिएफटारा - वित्तिय प्रगतिः ८.८४%

**कृषि विकास शाखा तर्फ :**

- धार्चे गाउँपालिका आलु उत्पादनमा प्रचुरता रहेकोले उत्पादित आलुलाई सुरक्षित भण्डारण गर्नका लागि वडा नं. ५ गुम्दामा १०० टन क्षमताको आलु कोल्डस्टोर गत आ.व.मा निर्माण सम्पन्न भई चालु आ.व.मा आवश्यक र्याकको व्यवस्था गरि संचालनमा आएको।
- तरकारी खेति प्रवर्धन सम्बन्धी तालिम सम्पन्न भएको।
- प्राङ्गरिक खेतिलाई टेवा पुर्याउनका लागि कम्पोष्ट मल निर्माण र वनस्पति विषादि झोल मल निर्माण सम्बन्धि तालिम सातवटै वडाहरूमा संचालन गरिएको।
- हिउँदे तथा वर्षे उन्नत जातका तरकारीका विउविजन वितरण गरि तरकारी खेतिमा प्रोत्साहन गरिएको।
- वेसौमी खेती तर्फ किसानहरुलाई थप आर्कषीत गर्ने हेतुले २५ ओटा ग्रिन शेड नेट धार्चे गा.पा अन्तर्गत का कृषक हरुलाई प्रदान गरिएको ।
- धार्चे गाउँपालिका भित्रको कृषि खेति प्रणालीलाइ थप गुणस्तर बनाउन हेतु माटो परिक्षण शिविर सम्पूर्ण वडामा गरिएको ।
- कृषि उत्पादनलाई गुणस्तर वृद्धि गरि आधुनिकीकरण तर्फा लम्काउन मागको आधारमा कुटनी/पिश्ने मेशिन र तेल पिलने मेशिन कृषकहरुलाई ५०% अनुदानमा वितरण गरिएको।
- कृषि उत्पादनलाई गुणस्तर वृद्धि गरि आधुनिकीकरण तर्फा लम्काउन मागको आधारमा कुटनी/पिश्ने मेशिन र तेल पिलने मेशिन कृषकहरुलाई ५०% अनुदानमा वितरण गरिएको।

**पशु सेवा शाखा तर्फः**

- निरन्तर रुपमा २२६ जना कृषकलाई औषधी वितरण गरीयो।
- "मासुजन्य उत्पादनका आधारमा नगद अनुदान कार्यक्रम" को कार्यान्वयनका लागि अनुगमनको कार्य सुरु गरियो।

- "बाख्रा श्रोत केन्द्र कार्यक्रम सम्झैता प्रकृयामा रहेको ।
- फिल्डमा गई पशु स्वास्थ्य जाचँ तथा उपचार गरिएको ।
- धार्चे गा.पा. वडा नं ३ मा रहेका गाईगोरुहरुमा रगत संकलन गरी परिक्षणका लागी पशुपंक्षी रोग अन्वेषण प्रयोगशाला पोखरामा पठाईएको ।
- चैत १४ गते रेबिज रोग नियन्त्रण तथा सामुहिक कुकुर वन्ध्याकरण कार्यक्रम सम्पन्न गरिएको ।
- धार्चे गा.पा. वडा नं ७ लापु र लापुबेशीमा घुम्ति गोठमार्फत भेडा बाख्रा पालन गर्ने कृषक, सोही वडाका जनप्रतिनिधि, वार्ड पशु स्वास्थ्य प्राविधिक र पशु सेवा शाखाका कर्मचारी प्रतिनिधि बिच अन्तर क्रिया , गोठ भम्रण, पशुको बन्ध्याकरणका साथै जुकाको औषधी वितरण गरियो ।
- धार्चे गा.पा. वडा नं १ मा रहेका गाईगोरुहरुमा रगत संकलन गरी परिक्षणका लागी पशुपंक्षी रोग अन्वेषण प्रयोगशाला पोखरामा पठाईएको ।
- घरपालुवा तथा सामूदायिक कुकुरका लागि रेविज विरुद्धको खोप तथा बन्ध्याकरण कार्यक्रम संचालन गरि ३५ वटा कुकुरलाई रेविज विरुद्धको खोप तथा बन्ध्याकरण गरिएको ।
- आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण कार्यक्रम अन्तर्गत ७ वटै वडामा भेडा तथा बाख्राहरुमा डिपिङ, उनकाट्ने तथा आवश्यकतानुसार परामर्श तथा औषधि वितरण गरिएको ।
- भेटेरिनरि अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र गोरखासँगको साझेदारीमा पशुहरुमा पूर्ण खोप संचालन गरिएको।
- संघिय सशर्त अन्तर्गत बाख्रा स्रोत केन्द्र कार्यक्रमबाट लापुबेशि र सर्जङबेशीमा आधुनिक बाख्रा खोर निर्माण भएको ।
- रेबिज रोग नियन्त्रणका लागि कुकुर बन्ध्याकरण कार्यक्रम गरि गाउँपालिका भरिका घरपालुवा तथा सामुदायिक कुकुरलाई रेबिजको खोप र ३५ घरपालुवा तथा सामुदायिक कुकुरलाई बन्ध्याकरण गरि रोग नियन्त्रणमा टेवा पुगेको।
- पशुहरुको परजिवि नियन्त्रण कार्यक्रम धार्चे गाउँपालिकाका सबै वडामा अभिमुखिकरण, औषधि तथा स्प्रे ट्याङ्क वितरण, डिपिङ, कार्यमार्फत परजिवी नियन्त्रणमा जोड दिईएको।
- बाख्रा स्रोत केन्द्र कार्यक्रम मार्फत लक्षित वर्ग छनौट गरि सर्जनबेशि र लापुबेशिमा ५० % लागत साझेदारिमा २ आधुनिक खोर निर्माण गरि फार्म लाई प्रोत्साहन तथा व्यवसायिकतामा टेवा पुगेको।
- माशुजन्य उत्पादनको आधारमा नगद अनुदान कार्यक्रम मार्फत माशु उत्पादनमा संलग्न ६२ जना कृषकहरुलाई प्रोत्साहन रकम प्रदान गरि माशुको उत्पादन र उत्पादकत्व वृद्धि भई आयातित माशुजन्य पदार्थ सँग प्रतिस्पर्धात्मक क्षमता अभिवृधि भएको।

- पशु स्वास्थ्य तर्फ निशुल्क रुपमा पालिका तथा सबै वडाबाट र कृषकको गोठ-गोठमै गएर औषधि वितरण र उपचार गरि रोगको समयमै उपचार तथा नियन्त्रण गरिएको।

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ:**

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १ | योजना सम्झौता र भुक्तानीको लागि सिफारिस | ९ वटा |
| २ | पुनः श्रमस्वीकृति | ८ जना |
| ३ | वैदेशिक रोजगार सेवा परामर्श | २१ जना |
| ४ | बेरोजगारी सूची नविकरण | १५००जना |
| ५ | नयाँ बेरोजगारी दर्ता | ६ जना |
| ६ | योजना अनुगमन | ९ वटा |

- प्रधानमन्त्री रोजगार कार्यक्रम र गाउँपालिकाको साझेदारी बजेटमा जम्मा ८२ जनालाई १०० दिन बराबरको रोजगार सृजना गराईएको।
- वैदेशिक रोजगारीको शिलशिलामा गएका धार्चे गा पा ५, गुम्दा र ७ लापु गाउँका २ जना मृतकका हकवालाहरुलाई क्षतिपूर्ति दावीका लागि निवेदन सहितको आवश्यक कागतजात प्रविष्ट गरि वैदेशिक रोजगार विभागसँग समन्वय गरिदिएको।

**लघु उद्यम विकास कार्यक्रम तर्फ :**

| क्र.स. | कार्य विवरण | ठेगना | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | उद्यमशीलता तालिम | धार्चे गा.पा.७ लापु | २४ | |
| २ | स्तरोन्नती सिलाई कटाई तालिम | धार्चे गा.पा.३ उहिया | १० | |
| २ | सिलाई कटाई मेशिन हस्तान्तरण | धार्चे गा.पा.३ उहिया | ५ | |
| ३ | तथ्याङ्क इन्ट्री | | | |
| ४ | कार्यलय दैनिक कामकाज | | | |

**आई. टि. (IT) तर्फ:**

- कार्यालयको दैनिक तथा नियमित सुचना प्रवाह गर्नुका साथै विभिन्न निकाय तथा मन्त्रालयबाट आएको ईमेल सम्बन्धी शाखालाई उपलब्ध गराई आवश्यक सूचना दिई मागेको विवरण सम्बन्धित निकाय तथा मन्त्रालयमा पठाएको ।
- पालिकाको विभिन्न शाखाबाट आएको सूचना तथा समाचार पालिकाको वेभ साईटमा राखी सबैलाई जानकारी गराईएको ।
- पालिका र अन्य विभिन्न मन्त्रालय, शाखा तथा कार्यालय वीच समन्वय गरी सूचना प्रवाह गरेको ।

**राष्ट्रिय परिच पत्र तथा पञ्जिकरण शाखा तर्फ:**

**सामाजिक सुरक्षा भत्तातर्फः**

- विभागले माग भई आएको विवरण पठाईएको।
- सामाजिक सुरक्षा भत्ता हालसम्म लिन नआएका लाभग्राहीहरुको विवरण उपलब्ध गराउन वडा कार्यालयलाई पत्र पठाएको।
- सामाजिक सुरक्षा भत्ता वितरणमा सहजीकरण गर्न वडा कार्यालय र प्रहरी चौकीमा पत्र पठाएको।
- नियमित हुने सामाजिक सुरक्षा भत्ता नयाँ लाभग्राहीलाई MIS प्रणालीमा दर्ता तथा लगत कट्टा गर्ने काम गरिएको।
- सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको Data Validation गरिएको र Validation नभएका लाभग्राहीहरुको विवरण बैंकसँग समन्वय गरिए पुनः request validation गरिएको।
- मृत्यु भएको मितिसम्मको सा.सु . भत्ता रकमको लागि नीज लाभग्राहीहरुको हकवालाको नाममा हस्तान्तरण गर्न बैंकलाई सिफारिस तयार गरि पठाएको।
- सामाजिक सुरक्षा भत्ता नयाँ लाभग्राहीहरुको बैंक खाता खोल्न फोन मार्फत जानकारी गरिनुका साथै बैंक खाता संचालनका लागि सिफारिस तयार गरि पठाएको ।

| क्रसं | विवरण | नयाँ थप संङ्ख्या | लगत कट्टा | पुरुष | महिला | लाभग्राही सङ्ख्या | २०८१/०८२ को खर्च(रू.) |
|---|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक भत्ता (६८ बर्ष माथि) | 102 | 53 | 634 | 864 | १४98 | **8,92,24,738/- आठ करोड बयानब्बे लाख चौबिस हजार सात सय अठतिस** |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | 8 | 0 | 19 | 13 | 32 | |
| ३ | जेष्ठ नागरिक एकल महिला | 6 | 1 | 0 | 120 | १20 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | विधवा | 13 | 1 | 0 | 247 | 247 | |
| ५ | पूर्ण अपाङ्गता भत्ता | 6 | 1 | 28 | 29 | 57 | |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | 1 | 2 | 78 | 51 | 129 | |
| ७ | दलित बालबालिका | 6 | 15 | 36 | 30 | 66 | |
| **जम्मा** | | **142** | **73** | **795** | **1354** | **२१४९** | |

**व्यक्तिगत घटना दर्ता तर्फः**

- व्यक्तिगत घटना दर्ता दुई महिनामा विवरण तयार गरिएको।( जन्म दर्ता = ४७१, मृत्यु दर्ता =२१३, विवाह दर्ता = २०३, सम्बन्ध विच्छेद =२२, बसाईसराई गएको दर्ता संख्या = १६).

**स्वास्थ्य शाखा तर्फः**

| **सिनं.** | **आ.व. ०८१।०८२ मा सञ्चालित कार्यक्रम, आयोजनाको नाम** | **प्रगति विवरण** | **कार्यक्रम चलेको स्थान** |
|---|---|---|---|
| १ | पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको बैठ, स्वास्थ्य कार्यक्रमहरुको डाटा भेरिफिकेशन एंव गुणस्तर सुधार साथै अर्धबार्षिक समिक्षा एंव बार्षिक समिक्षा | श्रावण,भाद्र,असोज,कार्तिक ४ महिनाको सम्पन्न | धार्चे गा.पा. |
| २ | वार्षिक कार्ययोजना सम्पन्न | श्रावण | धार्चे गा.पा. |
| ३ | आ.व. २०८०।०८१ को स्वास्थ्य शाखाको वार्षिक समिक्षा सम्पन्न | भाद्र | धार्चे गा.पा. |
| ४ | करार स्वास्थ्यकर्मी व्यवस्थापन | | धार्चे गा.पा. |
| ५ | RUSG कार्यक्रम 3 वटा स्थानमा | श्रावण, भाद्र र असोज | गुम्दा काशीगाउँ लापु र लापुवेशी |
| ६ | सुतकेरी सेवा प्रवाहमा यातायात र प्रोत्साहन रकम दखिला | | |
| ७ | PNC home visit समिक्षा कार्यक्रम | कार्तिक | धार्चे गा.पा. माछीखोला गोरखा |
| ८ | राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधी वितरण कार्यक्रम | कार्तिक ०२ र ०३ | धार्चे गा.पा.का सम्पुर्ण टोलहरुमा |
| ९ | विपन्न नागरिक उपचार सिफारिस तथा उपचार सहिलयत १९ जनालाई | | गा.पा. बाट |

| | | | |
|---|---|---|---|
| १० | धार्चे आधारभुत अस्पताल संचालनको लागि ECA नेपालसंग सम्झौता | | धार्चे गा.पा. वडा नं ३ खोर्लाविशी |
| ११ | धार्चे आधारभुत अस्पताल समुदघाटन तथा सेवा संचालन | मंसीर ५- | धार्चे गा.पा. वडा नं ३ खोर्लाविशी |
| १२ | राष्ट्रिय मा.सा.स्व.से दिवश मनाउने कार्यक्रम | मंसीर -२० | धार्चे गा.पा.वडा नं ५ माछिखोला |
| १३ | e-LMIS तालिममा १० जना स्वास्थ्यकर्मीलाई सिफारिस गरी व्यवस्थापन | | |
| १४ | विपन्न नागरिक उपचार सिफारिस तथा उपचार सहिलयत १९ जनालाई | | गा.पा. बाट |
| १५ | अन्तराष्ट्रिय मा.सा.स्व.से दिवश कार्यक्रम संचालन | मंसीर -२० | |
| १६ | ईम्प्लान्ट तालिम संचालन व्यवस्थापन | मंसीर ३० देखि पौष ०७ | |
| १७ | खोपको Micro-planning program | पौष ०१ र ०२ | |

- गर्भवती महिलाहरुको लागि ग्रामीण भिडियो एक्सरेको घुम्ती सेवालाई थप प्रभावकारी रुपमा संचालन गरिएको छ।
- महिलाहरुका लागि प्रजनन रुग्णता सम्बन्धि आङखस्ने समस्या भएकोलाई रिङप्रेसरी सेवा व्यवस्थापन, PID को उपचार र पाठेघरको क्यान्सर पत्ता लगाउनका लागि VIA Test सम्बन्धि स्वास्थ्य शिविर वडा नं. १, २, ३, ५ र ७ मा संचालन गरि ७७१ जनालाई सेवा दिईएकोमा ३१ जना VIA test positive हरु मध्ये ७ जनालाई Thermocogulation द्धारा उपचार गरियो।
- आधारभूत स्वास्थ्य सेवा अन्तर्गतको P1 Programme को नियमित गुणस्तरीय खोप सेवा व्यवस्थित गराउन Cold chain व्यवस्थापनको लागि थप Cold chain Refrigerator व्यवस्थापन गरिएको।
- स्वास्थ्य संस्थाहरुले दैनिक रुपमा सेवा प्रवाह सम्बन्धि कार्यहरुलाई सफ्टवेयर वेसमा अभिलेख तथा प्रतिवेदनलाई व्यवस्थित बनाउनका लागि स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गराउन e-HMIS, DHIS2 (Digitalized) तालिम प्रदान गरियो।

**सामाजिक विकास शाखा तर्फः**

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १ | संस्था सुचिकृत | ८६ वटा |
| २ | क्लब/समूह/समिति दर्ता | ९ वटा |
| ३ | समिति/समूह/क्लब दर्ता नवीकरण | २ वटा |

| | | |
|---|---|---|
| ४ | व्यवसाय नवीकरण | ४८ वटा |
| ५ | नयाँ व्यवसाय दर्ता | १९ वटा |
| ६ | अपांगता परिचयपत्र निवेदन | १७ वटा |
| ७ | बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न । | |
| ८ | महिला शसक्तिकरण कार्यक्रम अन्तर्गत ५ दिने उद्घोषण तालिम कार्यक्रम प्रत्येक वडामा संचालन भएको । | |

- महिलाहरुको नेतृत्व तथा बोल्ने कलाको विकास गरि शसक्तिकरणका लागि ७ वटै वडाहरुमा ५ दिने आधारभुत उदघोषण तालिम सम्पन्न भएको,
- मेलमिलापकर्ताहरुको लागि २ दिने पुनर्ताजकि तालिम सम्पन्न भएको,
- सामाजिक सुरक्षा तथा पंजिकरण कार्यमा संलग्न जनप्रतिनिधिहरु तथा कर्मचारीहरुका लागि सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी २ दिनको आधारभूत अभिमुखीकरण तालिम सम्पन्न भएको,
- सामाजिक सुरक्षा सुविधा उपभोग नगर्ने ग र घ बर्गका अपांगता भएका व्यक्तिहरुलाई उनिहरुको क्षमता र आत्मविश्वास अभिबृद्धि गर्ने उद्धेश्यले १० दिने मुढा बनाउने सिपमूलक तालिम कार्यक्रम संचालन गरिएको ।

**महिला तथा बालवालिका विकास शाखा तर्फः**

- महिला हिंसा विरुद्ध १६ दिने अभियान सञ्चालन गरिएको ।
- नारी दिवस, बालबालिका दिवस मनाईएको ।

**न्यायिक समिति तर्फः**

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १ | उजुरी दर्ता | १४ वटा |
| २ | प्रतिउत्तर दर्ता (जग्गा विवाद) | १ वटा |
| ३ | दरपीठ (सम्बन्ध विच्छेद) | १ वटा |
| ४ | मेलमिलाप गरेको (घरेलु हिंसा) | ५ वटा |
| ५ | सूचनाको म्याद जारी गरेको | २ वटा |

**राजश्व शाखा तर्फः**

| गा.पा. | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ |
|---|---|---|---|---|---|---|---|
| ३३,३५,३०७.५५ | ३,४७,५४१.६३ | ८,९१,६९९.२५ | ३,८२,४३०.८३ | ८,२७,४७७.२९ | १०,०६,६२३.१९ | ५,३२,७९५.५३ | ३,९६,६६६.१९ |

**कूल जम्मा – रु. ७७,२०,५४१.४६।-**

**११. अध्यक्ष, उपाध्यक्ष, प्रवक्ता, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकाकरी र गुनासो सुन्ने अधिकारीको नाम र पदः**

- अध्यक्षः लक्ष्मण गुरुङ
- उपाध्यक्षः सुनिला गुरुङ
- प्रमुख प्रशासकीय अधिकृतः काजीमान सुनार
- सूचना अधिकारीः विनायक तिमिल्सिना, प्रशासकीय अधिकृत
- गुनासो सुन्ने अधिकारीः पुष्प राज जोशी, शिक्षा अधिकृत

**१२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

आजसम्मको अवधिमा देहाय बमोजिमका कार्यविधिहरू पारित भएका छन्।

- धार्चे गाउँपालिका बाट गरिने बजार अनुगमन निर्देशिका, २०७५
- व्याकहो लोडर संचालन तथा व्यवस्थापन गर्न बनेको कार्यविधि २०७८ टोल विकास समिति संचालन तथा व्यवस्थापन कार्यविधि २०७८
- सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७८
- धार्चे गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्थ ऐन, २०७८
- सुशासन तथा व्यवस्थापन ऐन, २०७८
- कर तथा गैर कर सम्बन्धि ऐन, २०७८
- कृषि तथा पशुपन्छी ऐन, २०७८
- फोहोरमैला व्यवस्थापन सम्बन्धमा बनेको ऐन, २०७८
- धार्चे गाउँपालिका जलश्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९
- होमस्टे सञ्चालन कार्यविधि, २०८०
- भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु, २०८०
- धार्चे गाउँपालिकाको खर्चको मापदण्ड, २०८१
- धार्चे गाउँपालिकाको विनियोजन ऐन, २०८१
- धार्चे गाउँपालिकाको आर्थिक ऐन, २०८१

- धार्चे गाउँपालिकाको शिक्षा ऐन, २०८१
- धार्चे गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०८१
- धार्चे गाउँपालिका सूचना केन्द्र व्यवस्थापन कार्यविधि, २०८१
- अङ्ग्रेजी, विज्ञान र गणित शिक्षक प्रोत्साहन कार्यविधि, २०८१

## १३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

- गाउँपालिका स्थापना कालदेखि हालसम्मको आम्दानी खर्चहरूको विवरण वेवसाइटमा राखिएको छ।
- आ.व. २०८१/०८२ को अर्धवार्षिक आय र व्ययको विवरण यस प्रकार रहेको छः

| **आ.व २०८१/०८२ को क्षेत्रगत आयव्यय विवरणः** | | | | | |
|---|---|---|---|---|---|
| **शिर्षक** | **विनियोजित बजेट** | **विनियोजित प्रतिशत** | **कूल खर्च** | **खर्च प्रतिशत** | **कै** |
| **आर्थिक विकास** | २,८७,४६,००० | ५.६६% | १,७०,७८,३५१.७२ | ५९.४१% | |
| **सामाजिक विकास** | २६,०८,६४,७७८ | ५१.३५% | २२,२९,२०,६०७.१९ | ८५.४५% | |
| **पूर्वाधार विकास** | ७,९१,६१,२२२ | १५.५८% | ५,०५,४३,८८०.९८ | ६३.८५% | |
| **वन वातावरण तथा विपद व्यवस्थापन** | १,५०,००,००० | २.९५% | ३०,६४,९५१.६० | २०.४३% | |
| **सुशासन तथा संस्थागत विकास** | १२,४२,३७,००० | २४.४६% | ८,६०,२८,५४७.५८ | ६९.२५% | |
| **जम्मा** | **५०,८०,०९,०००** | **१००%** | **३७,९६,३६,३३९.०७** | **७४.७३%** | |

| | **विनियोजित रकम (रू.)** | **खर्च रकम (रू.)** | **खर्च प्रतिशत** |
|---|---|---|---|
| **चालु तर्फ** | ३२,४२,०७,७७८ | २७,१४,०७,४७५.६२ | ८३.७१% |
| **पूँजीगत तर्फ** | १८,३८,०१,२२२ | १०,८२,२८,८६३.४५ | ५८.८८% |
| **जम्मा** | ५०,८०,०९,००० | ३७,९६,३६,३३९.०७ | ७४.७३% |

**१४. गाउँपालिकामा परेको सूचना माग सम्बन्धी निवेदनः**

आर्थिक बर्ष २०८१/०८२ मा प्राप्त सूचना माग सम्बन्धी निवेदन यस दोस्रो त्रैमासिक महिना भित्र परेको सूचना सबै उपलब्ध गराइएको ।

**विनायक तिमिल्सिना**
**सूचना अधिकारी**